परिवर्तनका लागि एक नयाँ आवाज

टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : २०८ पृष्ठ ४ २०८० माघ ०८ गते, सोमबार 22 Jan., 2024 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

समाचार पृष्ठ २ मा

वीरगन्जका मेयरविरुद्ध प्रधानमन्त्रीको कार्यालय र गृह मन्त्रालयसहित ७ निकायमा उजुरी

राम मन्दिरको प्राण प्रतिष्ठामा जनकपुरमा सावा लाख दियो बालिने

● टक नेपाल

जनकपुरधाम । सोमबार जनकपुरधाममा सवा लाख दीप प्रज्वलनको हुने भएको छ । सोमबार हुने भारत उत्तर प्रदेशको अयोध्यामा नवनिर्मित राम मन्दिरको प्राण प्रतिष्ठामा जनकपुरधाममा सावा लाख दीप प्रज्वलनको तयारी गरिएको हो। जानकी मन्दिरले घरघर तथा मठमन्दिरमा दिप प्रज्वलन गर्न अपिल गरेको छ । त्यसको लागि मन्त्रालय र विभिन्न कार्यालयललाई जानकी मन्दिरले पत्र पठाएर अपिल गरेको छ । यसअघि जनकपुर धाम उपमहानगरपालिकाले समेत दीप प्रज्वलन गर्न अपिल गरेको थियो । वर्षौंको विवादपछि अदालतको निर्णयअनुसार अयोध्यामा भगवान रामको विशाल मन्दिर निर्माण भई समुद्धाटन हुँदैछ । त्यस अवसरमा धेरै पालिकाले दीपोत्सव गर्न आग्रह गरेका छन् ।

सर्लाहीमा पनि बन्यो कारागार भवन, गृहमन्त्री श्रेष्ठले गरे उदघाटन

● टक नेपाल

सर्लाही। सर्लाहीमा कारागारका लागि निर्माण गरिएको भवन उदघाटन गरिएको छ । उप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले आइतबार मलंगवामा सो भवनको उदघाटन गरेका हुन् । करागार नहहुँदा अहिले सर्लाहीका कैदीबन्दीलाई महोत्तरी, रौतहट, सिन्धुली, सुनसरी लगायतका कारागारमा लगेर राख्नुपर्ने बाध्यता छ । नयाँ भवन बनेकाले अब सर्लाहीका कैदीबन्दीलाई अन्यत्र लैजानुपर्ने बाध्यता घट्ने अपेक्षा गरिएको छ । ०६२/०६३ को आन्दोलनता का माओवादीले सर्लाही कारागारमा आक्रमण गर्दा भवनमा क्षति पुगेको थियो। त्यसयता सर्लाही कारागारमा कैदीबन्दी राख्न छाडिएको थियो।

High Speed Broadband ! Internet
UNET
UNITING NETWORKS
उज्यालोको साथमा घरघरमा नेट
UNITE NETWORKS Pvt. Ltd.
U-NET तपाईंकै नेट
अब मात्र 1000 रुपैयामा
5G राउटर सहित 100 Mbps नेट
IPTV/ Installation/ Router/ Set-Top Box 365 Day Customer Support.
Head Office : Bardibas-1, Mahottari
Contact : 9801603910/9802960179/9802960180/9801667837
url: www.unet.net.np
email : info@unet.net.np

उपेन्द्र यादवलाई प्रमुख अतिथि बनाएपछि विश्वविद्यालयमा तालाबन्दी,

शिलान्यास कार्यक्रम स्थगित


मधेश कृषि विश्वविद्यालय राजविराज, सप्तरी

● टक नेपाल

जनकपुरधाम । मधेस कृषि विश्वविद्यालयको प्रशासनिक भवनको शिलान्यासका लागि जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई प्रमुख अतिथि बनाएपछि तनाव उत्पन्न भएको छ । जनमत पार्टीका नेता तथा कार्यकर्ताले उपेन्द्र यादवलाई प्रमुख अतिथि बनाउन लागेको भन्दै विरोध गर्दै आइतबार विश्वविद्यालयमा तालाबन्दी गरेका थिए। तनाव सुरु भएपछि मधेस सरकारका शिक्षा तथा संस्कृति मन्त्री महेशप्रसाद यादवले शिलान्यास कार्यक्रम रोक्न विश्वविद्यालय प्रशासनलाई निर्देशन दिएका हुन् । उनले विज्ञप्ति जारी गर्दै प्रदेश सरकार मातहत रहेको उक्त विश्वविद्यालयको सहकुलपति तथा विश्वविद्यालयको सभा (सिनेट) को अध्यक्ष भए पनि विश्वविद्यालयमा हुने कार्यक्रमको विषयमा केही जानकारी नपाउनु दुर्भाग्यपूर्ण रहेको बताएका हुन् । मधेसका शिक्षा मन्त्री जनमत पार्टीबाट हुन्। राष्ट्रिय सभाको निर्वाचनमा जनमतले समेत गठबन्धनविरुद्ध आफ्नो उम्मेदवार उठाएपछि विवाद बढ्दै गएको छ ।

उपेन्द्र यादवमाथि सिके राउतको आरोप– शिलान्यासको नाममा दंगा फैलाउन आउँदैछन्

● टक नेपाल

जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले जसपा अध्यक्ष उपेन्द्र यादव शिलान्यासको नाममा दंगा फैलाउन आउन लागेको आरोप लगाएका छन्। मधेस सरकारले सप्तरीको राजविराजमा स्थापना गरेको ‘मधेस कृषि विश्वविद्यालय’ को भवन शिलान्यास कार्यक्रममा उपेन्द्रलाई रोक्न पार्टीका नेता कार्यकर्ताले ताला लगाएपछि आफूहरुले नरोकेका तर तर कानून अनुसार हुनुपर्ने बताएका हुन्। उपेन्द्रलाई लक्षित गर्दै भनेका छन्, गौर-नरसंहार गरेर दर्जनौंको निर्मम हत्या गरेका मान्छे सप्तरी मेरो क्षेत्रमा दंगा मचाउन, हत्याहिंसा गर्न किन आउनु पर्ने रु न उहाँको यहाँ घर छ, न उहाँ यहाँको जनप्रतिनिधि। अनि किन उपकुलपति र रजिस्टार लाई जबरजस्ती दबाब दिएर प्रमुख अतिथि बन्नु पर्ने? अतिथि बन्न पनि यति मरि हत्ते हुन्छ ? यस्तो पनि नीच स्तरको राजनीति हुन्छरु मान न मान मैं तेरा मेहमान ? उनले २०६३-६४ सालमा उपेन्द्रकै नेत्तृत्वमा दंगा मच्चाएर गैर हत्याकाण्ड भएको आरोप लगाएका छन्। उनले भनेका छन्, ‘२०६३-६४ सालमा उहाँकै नेत्तृत्वमा यहाँ यस्तै दंगा मच्चाइयो, काटमार गरियो, कतिको बलात्कार पनि गरियो। परिणामस्वरूप कति रैथानेहरू, व्यापारीहरू, मारवाडीहरू, उद्योगीहरू, शिक्षाविद्हरू, बुद्धिजीवीहरू सप्तरीबाट आफ्नो पुर्खौली थाकथलो बेचेर पलाएन हुन बाध्य भए । यसले गर्दा सप्तरी खण्डहरमा नै परिणत भयो।

बाँकी पृष्ठ ३ मा

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

सम्पादकीय

खुलामञ्च जोगाऔँ

खुलामञ्चमा विसं २०३६ सालमा जननेता बिपी कोइरालाले जनमत संग्रह हुने बेला बहुदलको पक्षमा उभिएर जनतालाई सम्बोधन गरेको इतिहास छ। खुलामञ्च काठमाडौं महानगरपालिकाको स्वामित्वमा आएपछि पटकपटक दोहन गर्ने काम भइरहेको छ । कहिले बसपार्क बनाएर होस् वा सटर भाडामा दिएर किन नहोस् फरक-फरक समयमा अनावश्यक प्रयोग भइरहेको छ। गतवर्ष भूमिगत पार्किङ क्षेत्र बनाउने तयारी गरेको कामपाले सोही वर्ष कार्यपालिकाको बैठकमा बजेट व्यवस्थापन गरेको थियो। खुलास्थानको अभावमा राजधानीवासी तड्पिरहेको अवस्थामा महानगरले फेरि अन्तर्राष्ट्रिय स्तरको फुटबल मैदान बनाउने योजना अघि बढाएको हो। मुलुकको सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने जिम्मा लिएको स्थानीय तहले बेला-बेलामा राजधानीको सुन्दर क्षेत्र हडप्न खोजेपछि सर्वत्र विरोध भएको छ । विसं २०४६ र २०६२/०६३ सालको जनआन्दोलनको विजय सभा भएको टुँडिखेलको इतिहास जीवित राख्ने दायित्व बोकेको महागरले फुटबल मैदान बनाउन खोजेपछि त्यसको विरोधमा जनता उत्रिएका छन्। महानगरले सो क्षेत्रलाई खुला राख्नुपर्छ भन्ने बिर्सिन थालेको छ । २०७२ सालको शक्तिशाली भूकम्पमा हजारौं जनतालाई आश्रय दिएको यो खुलामञ्च महानगरमात्रको होइन । देशको हो सबै जनतामा यसलाई जोगाउनुपर्छ भन्ने भावना हुनुपर्छ। त्यसैले पछिल्लो समय खुलामञ्च जोगाउन सबै लाग्नसमेत थालेका छन्। विसं २०७१ सालमा रत्नपार्कमा भ्युटावर बनाउन ठेक्का दिएपछि टुँडिखेल हडप्न शुरू भएको हो। त्यसबेला कामपाले नै भ्युटावरको ठेक्का दिएको स्वच्छन्द निर्माण सेवाले बसपार्क र सटरसहितको व्यापार गर्न खुला गरेको थियो। त्यसबेला अक्युपाई टुँडिखेललगायत संस्थाले निरन्तर दबाब दियो। परिणामस्वरूप २०७७ सालमा खुलामञ्चबाट बसपार्क हटाउन शुरू भयो। लगत्तै सटरमा जोडर चलाइयो। अहिले फेरि फुटबल मैदान बनाउने नाममा महानगरले खुलामञ्चलाई बिगार्न खोजेको छ। पाँच करोड रुपियाँको लागतमा फुटबल मैदान बनाउन खरिद प्रक्रिया नै अघि बढाइसकेको छ । विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार भइसकेको छ। ठेक्का प्रक्रियामा जाँदा लामो समय लागेर आर्थिक चलखेल गर्न नपाइने भएपछि कामपाले आफू निकटका ठकेदारलाई कोटेसनमार्फत् टुक्रे योजना दिन प्रपञ्च शुरू भइसकेको छ। राजधानीको बीच भागमा रहेको खुलामञ्चमा महानगरले मनपरी गर्न थालेसँगै अभियन्ताहरूल विरोध जनाउन शुरू गरेका छन्। स्थानीयवासी र संरक्षण अभियन्ताहरूले खुलामञ्चलाई प्राकृतिक चौरकै रूपमा छाड्न माग गर्दै सर्वसाधारणको पहुँच नखुम्च्याउन आग्रह गरेका छन्। कामपाले चालु आर्थिक वर्षको बजेटमा खुलामञ्चमा मैदान बनाउन 'व्यायाम तथा खेलकुदस्थल सुधा शीर्षकमा १ करोड रुपियाँ विनियोजन गरेको छ। टुँडिखेलको एक भाग खुलामञ्चमा नेपालीले आफ्नो विचार राख्ने, अभिव्यक्ति स्वतन्त्रताको अभ्यास गर्ने ठाउँ मानिन्छ। विचार निर्माण गराउने सार्वजनिक थलो मासेर खेलमैदान बनाउन हुँदैन। खुलामञ्च खुला राखेर संरक्षण गर्नु सबैको दायित्व हुनेछ। त्यसको लागि सरोकारवाला एकजुट हुनुपर्छ। कामपाले गर्न लागेको यो कामको सरकारले हस्तक्षेप गर्नुपर्छ ।

मधेस सरकारको 'मधेस गान' भन्दै हिन्दी गीत सार्वजनिक गरेपछि विवाद

● टक नेपाल

काठमाडौं । बलिदानी दिवसको अवसरमा शुक्रबार मधेस सरकारले 'मधेस गान' भन्दै हिन्दी गीत सार्वजनिक गरेपछि विवाद भएको छ । भारतीय गायकककव्स्वरमा गीत रहेको छ। मधेस सरकारले आयोजना गरेको बलिदानी दिवस कार्यक्रममा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव प्रमुख अतिथि थिए । सोही कार्यक्रमबाट सरकारले 'मधेस गान' भन्दै झन्डै सात मिनेट लामो गीत सार्वजनिक गरेको थियो । हिन्दी भाषाको गीतमा भनिएको छ, 'मधेस है अपनी आनबान, जीवनधारा है मधेस, मधेस मे बस्ती जान हमारी, प्राण से प्यारा मधेस, मधेस हमारा जिने का मक्सद, रगरग बसा मधेस, मधेस है अस्तित्व हमारा, धर्मा-कर्मा मधेस । जय मधेस, जय मधेस ।' यो गीत पहिला मैथिली भाषामा लेखिएको थियो। मधेस प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापरी 'भ्रमर'ले मैथिली भाषामा लेखेका थिए । मधेश सरकारको आग्रहमा सो गीतलाई हिन्दीमा डा.सागरले रूपान्तरण गरेका बताइएको छ । मधेस गान भनिएको गीतमा भारतीय गायक उदित नारायण झाकै स्वर छ । गीतको प्रथम फ्रेममै मधेसीले ढुङ्गामुढा गरेको दृश्य छन् । मधेसीबारे गलत अवधारणा प्रस्तुत गरिएको बताइएको छ। गीत सार्वजनिक भएपछि त्यसबारे टीका टिप्पणीहरू भइरहेका छन् । भिडिओमा हरेक फ्रेममा पटकपटक एउटै व्यक्ति दोहोरिएको छ । यसले असंख्य मधेसीले अधिकार प्राप्तिको लागि गरेको संघर्षको तस्वीर प्रस्तुत नगरेको टिप्पणी छ । मधेसकै अगुवाहरुले मधेसी समाजको भावनालाई नसमेटिएको बताएका छन् । उनीहरुले यस प्रकारको गीतहरूमा सरकारले लगानी गर्न नुहने बताएका छन् ।

दशगजामा निर्माणाधीन पुल ६ वर्षदेखि...

५० प्रतिशतभन्दा बढी सकिएको छ । एसएसबीले निर्माणमा अवरोध गरेको जटहीको पुल नबन्दा मालवाहक गाडी जटही नाकाबाट आउजाउ गर्न मिल्दैन। पुलको काम रोकिंदा सीमावर्ती भारतीय बजार पिप्रोनमा रहेको भारतको ४ लेन सडकसँग पनि ढल्केवर-जनकपुर-जटही ६ लेन व्यापारिक सडकको सम्पर्क टुटेको छ । यस्तै, मुखियापट्टी मुसरनियामा रहेको जमुनी घाटको पुलको निर्माण ५० प्रतिशत सकिएपछि एसएसबीले अवरोध गरेका थिए। जमुनी घाटको पुलको ३ वटा पिलरको काम सकिएको मुखियापट्टी मुसरनिया गाउँपालिकाका अध्यक्ष जयकुमार यादवले जानकारी दिए । जमुनी घाट पुलको दक्षिणी पिलर भने भारतीय भूमिमा छ । 'जमुनी घाट पुलको बीचको पिलर निर्माण गर्ने क्रममा एसएसबीले काम रोकिदिएको छ,' यादवले कान्तिपुरसँग भने, 'पुल नबन्दा नेपाल-भारत आउजाउ गर्न कष्ट भइरहेको छ। सबैतिर अनुरोध गरिसके पनि पुलको काम अगाडि बढ्न सकेको छैन ।' जमुनी नदीको पुल ५० मिटर लामो बनाउन लागिएको छ । ४ करोड १८ लाखमा दुई वर्षमा काम सम्पन्न गर्ने गरी उक्त पुलको ठेक्का सम्झौता भएको थियो। तर, एसएसबीको अवरोधका कारण ६ वर्ष बित्दा पनि पुलको काम हुन सकेको छैन। एसएसबीकै अवरोधका कारण अखडा घाटको पुलको काम पनि रोकिएको छ। जमुनी नदी नेपाल-भारत सम्बन्धको सेतु रहेको भन्दै मुखियापट्टी मुसरनिया गाउँपालिकाले गत जेठ २९ गते नै त्यहाँको पुल निर्माणमा एसएसबीले अवरोध गरेको धनुषा जिल्ला प्रशासन कार्यालयलाई पत्रमार्फत जानकारी गराइएको अध्यक्ष यादवले बताए । उक्त पत्रमा मुखियापट्टी मुसरनिया-६ स्थित गिरिजा पथ मिथिला माध्यमिकी परिक्रमाको प्रमुख मार्ग रहेकाले त्यहाँ निर्माण भइरहेको पुलमा भारतीय पक्षको अवरोध रहेको उल्लेख गरिएको छ । जिल्ला प्रशासन कार्यालयलाई पुलमा अवरोध रहेको ८ महिनाअघि जानकारी गराए पनि कूटनीतिक पहल नभएपछि मुखियापट्टी मुसरनिया गाउँपालिकाले बुधबार परराष्ट्र मन्त्रालयलाई पत्र लेखेर पुल निर्माणमा रहेको भारतीय अवरोध हटाउन कूटनीतिक पहल गरिदिन अनुरोध गरेको छ । भारतीय पक्षको अवरोधले अलपत्र पुल हेर्न यसै साता मुखियापट्टी मुसरनिया पुगेका कांग्रेस नेता विमलेन्द्र निधिले पुल निर्माणमा रहेको भारतीय अवरोध हटाउनका लागि भारत, बिहारको मुज्जफरपुर पुगेर भारतीय जनता पार्टी (बीजेपी)का सांसदसँग अनुरोध गरेका छन् । मुखियापट्टी मुसरनियाका अध्यक्ष यादव र नगराइन नगरपालिकाका प्रमुख विनयकुमार यादवसहित मुज्जफरपुर पुगेका कांग्रेस नेता निधिले बीजेपीका सांसद अजय निषादसँग पुलबारे समस्या राखेका थिए । 'दशगजा क्षेत्रमा पुल नबने दुई देशका जनतालाई कसरी जोड्ने ? दुवै देशका जनताको सहजताका लागि पुलको निर्माणमा गरिएको अवरोध हटाउनुपर्छ,' निधिले निषादलाई भनेका थिए । भारतीय लोकसभाका सदस्य निषादले धनुषामा भारतीय पक्षका कारण रोकिएको पुलको निर्माणका लागि आफू भारतीय गृहमन्त्री अमित शाहसित छिट्टै भेटेर कुराकानी गर्ने आश्वासन दिएको नगराईन नगरपालिकाका प्रमुख यादवले बताए ।

☎ आवश्यक टेलिफोन नम्बरहरु ☎

प्रहरी कन्ट्रोल	१००	IRDs समाज सहकारी अस्पताल	५५०४०१
जिल्ला प्रहरी कार्यालय जलेश्वर	५२०१९९	सिटि केयर हस्पीटल वर्दिवास	५५०५२७
ईलाका प्रहरी कार्यालय बर्दिबास	५५०००६	छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला ट्रा.प. कार्यालय	५५००५५	ढल्केवर (नो लाईट)	०४१-५६००६८
नेपाल पत्रकार महासंघ, महोत्तरी	५२०५१५	बर्दिवास दुरसञ्चार	५५००००
शुभ स्वस्तिक हस्पिटल	५५०२५५	नेपाल रेल्वे जनकपुरधाम	५२०२११
बर्दिबास अस्पताल	५५००९०	जनकपुर आँखा अस्पताल	५२०३९७
रेडक्रस एमबुलेन्स	५२०१००	प्रदेशिक अस्पताल जनकपुरधाम	५२००३३
वारुण यन्त्र (दमकल)	५२००९७	सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
नेपाल विद्युत वितरण केन्द्र, गौशाला	५५६०८९	एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज)	०४१-६२०४९१, ९८०४८१५१२६
जलेश्वर अस्पताल	५२००७०		
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९	एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
बर्दिवास आँखा अस्पताल	५५०४७७	एम्बुलेन्स (मारवाडी सेवा समिति)	५२२७६२, ५२१७८४
मेरी स्टोप्स सेन्टर	५५०१२६	एम्बुलेन्स (जानकी मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एकिकृत सेवा केन्द्र बर्दिवास	५५०६६८	महाविर युवा कमिटी एम्बुलेन्स	२५९८०

आजको राशिफल

मेष	मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्य धन आर्जन गर्न सकिनेछ।	तुला	श्रम परे पनि तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ।
बृष	पुराना कामको चर्चा हुनेछ भने नयाँ अवसर पनि प्राप्त हुनेछ।	वृश्चिक	तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ।
मिथुन	नयाँ जिम्मेवारी प्राप्त हुने समय छ। सामाजिक काममा रुचि बढ्नेछ।	धनु	मिहिनेतको प्रतिफल प्राप्त हुनेछ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ।
कर्कट	काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति रहनेछ।	मकर	अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ।
सिंह	धेरै बोल्दा समस्या आउन सक्छ। हातमा आएको र कम अरूका लागि खर्चनुपर्ने छ।	कुम्भ	माइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।
कन्या	स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। पुरुषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ।	मीन	आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ। अवसरका लागि केही दौडधुप गर्नुपर्ला।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

नेप्से परिसूचकमा २५ दशमलव ६३ अङ्कको गिरावट

नेपाल स्टक एक्सचेन्ज लिमि
NEPAL STOCK EXCHANGE LIMITE

● टक नेपाल

काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा २५ दशमलव ६३ अङ्कको गिरावट देखिएको छ । आज नेप्से परिसूचक एक दशमलव १८प्रतिशतले घटेर दुई हजार एक सय ३० दशमलव १८ अङ्कको विन्दुमा कायम भएको हो । आज तीन सय आठ कम्पनीको दुई करोड २८ लाख २० हजार दुई सय ७९ कित्ता शेयर एक लाख ६६ हजार नौ सय ८३ पटक खरिदबिक्री हुँदा रू सात अर्ब ६७ करोड ७७ लाख ४० हजार ५८ बराबरको कारोबार भएको छ । जलविद्युत् समुह शून्य दशमलव २० र अन्य समूह एक दशमलव ३८ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै विकास बैंक समूह दुई दशमलव ६१ र वित्त समूह दुई दशमलव ५५ प्रतिशतले घटेको छ । आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९७ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने सिडिडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य आठ दशमलव २७ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रू ५६ करोड ७९ लाख १० हजार दुई सय ४१ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको १४ लाख ३६ हजार एक सय ५१ बराबरको कारोबार भएको छ।

वीरगन्जका मेयरविरुद्ध प्रधानमन्त्रीको ...

तथा जाहेरी दिइएको छ । नागरिकता प्रकरणबारे सञ्चार माध्यममा समाचारहरु आउन थालेपछि पर्साको प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाल सुरु गरेको खोजबिनमा अनुसूची फर्म नै गायव बनाएको पाइएको जनाए । यसरी सीडीओबाटै अनुसूची फर्म गायब भएपछि यो विषय झन् शंकास्पद रहेको भन्दै प्रजिअ भुसालले सहायक सीडीओ शिव लम्सालको नेतृत्वमा छानबिन समितिसमेत गठन गरिसकेका छन्, जसलाई अनुसूची फर्म खोजेर अनुसन्धान गर्ने जिम्मेवारी दिइएको छ । तर छानबिन समिति गठन भएको दुई साता पुग्न लाग्दा पनि अहिलेसम्म अनुसूची फर्म नै फेला पार्न नसकेको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ । रुविना श्रेष्ठको नागरिकतामा बुबाको नाममा राजेशमान सिंह उल्लेख छ । तर नागरिकता लिँदाको अनुसूची फर्म भने अहिले गायब पारिएको छ ।

उपेन्द्र यादवमाथि सिके राउतको आरोप...

र अझै पनि त्यही षड्यन्त्र गर्न खोज्दैछन् तिनै द्वन्द्वउद्यमीहरू। उनले शिलान्यास गर्न आफूहरुले नरोकेको उल्लेख गर्दै विश्वविद्यालयको ऐन अनुसार प्रदेशका शिक्षा मन्त्रीले गर्नुपर्ने बताएका छन्। उनले भनेका छन्, 'तर शिलान्यासको नाममा उहाँ यहाँ दंगा र अशान्ति फैलाउन आउँदै हुनुहुन्छ। गाउँगाउँमा लडाकूहरू ल्याएर राखेका छन्, बाँसका भाटा र हतियारहरू बनाएर राखेका छन्। सरकारले अविलम्ब गौर-नरसंहारका प्रमुख योजनाकार तथा पात्रलाई गिरफ्तार गरोस् र सप्तरीमा शान्ति सुव्यस्था कायम गरोस्। प्रशासनसँग आग्रह छ।' उनले आफूलाई कुनै प्रमुख अतिथी बन्ने रहर नभएको प्रष्ट पारेका छन्।

वन मन्त्रालय र अभियानविचको छलफल निस्कर्षविहिन

● टक नेपाल

जनकपुरधाम । मधेश प्रदेशका वन तथा वातावरण मन्त्री रमेश प्रसाद कुर्मी र चुरे तथा वनजंगल संरक्षण अभियानविच आइतबार भएको छलफल निस्कर्ष विहिन बनेको छ । आइतबार मन्त्रालयमा भएको मन्त्री कुर्मी र अभियानका संयोजक सुनिल कुमार यादवविच भएको छलफल निस्कर्षमा पुग्न नसकि सम्पन्न भएको हो । अभियानका संयोजक यादवले चुरे तथा वनजंगल संरक्षणका लागि प्रस्तुत गरेको पाँच वटा बुंदा माथि मन्त्री कुर्मीले सकारात्मक रहेको बताउदै माग गरिएका कुराहरु पुरा गर्नका लागि आफूलाई समय चाहिने भनेपछि अभियानी यादव असन्तुष्ट बन्दै छलफलबाट बाहिरिएको अभियानी चन्द्रकिशोर यादवले बताएका छन् । यादवका अनुसार मन्त्री कुर्मी प्रस्तुत गरिएको बुँदामा सकारात्मक देखिए पनि अभियानले माग गरेको छानवीन समिति गठनका लागि समय माग गरेपछि छलफल निस्कर्षविहिन बनेको बताए । चुरे तथा वनजंगल संरक्षण अभियानले एक हप्ता पहिले मन्त्रालयका सचिवलाई ज्ञापनपत्र बुझाउदै मागहरु पुरा गर्न आग्रह गरेका थिए । ज्ञापनपत्रमा यसभन्दा पहिले यसै मन्त्रालयले गठन गठन गरेको छानवीन समितिले गलत प्रतिवेदन प्रस्तुत गरेको र सोको प्रमाण डिभिजन वन कार्यालय सिरहाले दिईसकेकोले गलत प्रतिवेदन पेस गर्नेमाथि छानवीन समिति गठन गरि कारवाही प्रक्रियामा लग्नुपर्ने, सरुवा वढुवामा भएको भ्रष्टाचारको विषयमा छानवीन गर्नुपर्ने र सिर्सिया नदीलाई फोहर बनाउने लाई कारवाही गर्नुपर्ने लगायतका माग गरिएको थियो । आइतबार सोहि विषयमा मन्त्री कुर्मी र अभियानका संयोजक यादवविच छलफल भएको छ । मन्त्री कुर्मीले चुरे तथा वनजंगल संरक्षण अभियानले उठान गरेका मुद्दाहरु उचितनै रहेको बताए । यस मुद्दाप्रति आफूहरु सम्वेदनशिलनै रहेको र मुद्दा सम्वोधनका लागि आफूले पहल गर्ने बताए । आफूलाई समय दिन भनिएको तर कति समय दिन भन्दा भन्न नचाहेकोले आफू छलफलबाट असन्तुष्ट रहेको संयोजक यादवले बताए । उनले भने, 'मन्त्रीजीले आफूहरुको मागको विषयमा सकारात्मक भए पनि छानवीन समिति गठन गर्न तर्फ अग्रसर देखिएन ।' अब पनि मन्त्रालय गम्भीर नभए पुनः सडक आन्दोलन गर्न बाध्य हुने संयोजक यादवले चेतावनी दिए ।

INTRODUCING
125 Mbps Internet @Rs.8,400/-* per year
viaTV packages also available*
vianet चाडमा चौका
INTERNET सँग चौकाउने DISCOUNT 8 पक्का
Subscribe & Get UPTO 50% OFF
ULTIMA EARBUDS
Himstar APPLIANCES
+977 9801131433
For new and renewing Vianet yearly subscribers.
For More Contacts, Vianet Communication Limited Bardibas Branch

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)
हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
☎ 044-550527/9801050527/9801150527

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्झनुहोस् ।
सुशिल ढकाल
☎ ०४४-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

दशगजामा निर्माणाधीन पुल ६ वर्षदेखि अलपत्र

दुवै देशका जनताको सहजताका लागि पुल निर्माण आवश्यक

● टक नेपाल

जनकपुरधाम । धनुषाको सीमावर्ती क्षेत्रमा निर्माणाधीन चार वटा पुल अलपत्र परेका छन् । दशगजा क्षेत्रमा ‘कन्स्ट्रक्सन’को काम गर्न नदिने भारतीय सीमा सुरक्षा बल (एसएसबी)को नीतिका कारण नेपालले बनाउँदै गरेका चारवटा पुलको काम अलपत्र परेको हो । नेपालले दशगजा नं. २८७/२१ सहित चार ठाउँमा पुल बनाइरहेको छ ।



धनुषाको सीमावर्ती क्षेत्र जटहीमा निर्माणधीन पुल हेर्दै कांग्रेस नेता निधि र स्थानीय । तस्बिर : कान्तिपुर

धनुषाको दक्षिण सीमावर्तीका दुई स्थानीय तहले नेपाल-भारत आवतजावतका लागि दशगजा क्षेत्रमा निर्माण थालेका चारवटा पुल एसएसबीको अवरोधका कारण ६ वर्षदेखि अलपत्र परेका हुन् । नगराइन नगरपालिकाअन्तर्गत नेपाल-भारत सीमा क्षेत्रमा निर्माण थालिएको झोलुङ्गे पुल र मुखियापट्टी-मुसरनिया गाउँपालिकाले भारतीय सीमासँग जोडिएको जमुनी घाट, जटही पुल तथा अखडा घाटमा बनाइरहेका पुल एसएसबीले रोकेका हुन् । जटही पुलले भारतलाई जनकपुर-ढल्केवर ६ लेनको सडकसँग जोड्छ । जटही-पिप्रौन सडक खण्डको दशगजामा नेपालले निर्माण गरिरहेको उक्त पुलका तीनवटा पिलर बनाइसकिएको छ । पुलको माथिल्लो भाग ढलान गर्न बाँकी छँदा एसएसबीले करिव ६ वर्षअघि त्यहाँ अवरोध गरेर काम रोक्न लगाएको थियो । निर्माणाधीन पुलको छेउमै भारततिर एसएसबीले चेक प्वाइन्ट पनि राखेको छ । जटहीको पुल नबन्दा नेपाल-भारत ओहोरदोहर गर्नेले सास्ती खेप्नु परिरहेको छ । त्यहाँ रहेको पुरानो पुल भने जीर्ण छ । पुरानो पुलको नेपालतिर गहिरो भूभाग छ । वर्षाको समयमा यहाँ पानी भरिंदा आवातजावत गर्न कष्टकर बन्छ । दशगजानजिकै रहेको जटहीको भन्सार कार्यालयसम्मै धनुषातिर ६ लेनको सडक छ । दशगजामा पुल बनाएर नेपालले भारतको पिप्रोनलाई त्यही सडकसँग जोड्न खोजेको हो । डिभिजन सडक कार्यालय जनकपुरले ६ वर्षअघि ठेक्का लगाएका चारवटै पुलको काम

»» बाँकी पृष्ठ २ मा

एसइई परीक्षा चैत १५ गतेबाट सुरु हुने

● टक नेपाल

काठमाडौं । यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) चैत १५ गतेबाट सुरु हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्डको आइतबार बसेको बैठकले एसइईको परीक्षा चैत १५ देखि २७ गतेसम्म गर्ने निर्णय गरेको बोर्डका अध्यक्ष महाश्रम शर्माले बताउनुभयो । उहाँका अनुसार चैतको पहिलो हप्ता एसइई परीक्षा सुरु गर्ने योजना रहे पनि होली पर्व परेका कारण चैत दोस्रो हप्ताबाट परीक्षा सुरु गर्ने निर्णय भएको हो । उहाँले भन्नुभयो, “चैत पहिलो हप्ताबाट परीक्षा सुरु गर्ने योजनामा थियौ, तर होली पर्व पर्ने र सोभन्दा अघि परीक्षा नसकिने भएकाले चैत १५ गतेबाट एसइई परीक्षा गर्ने निर्णय गरेका छौँ ।”

वीरगन्जका मेयरविरुद्ध प्रधानमन्त्रीको कार्यालय र गृह मन्त्रालयसहित ७ निकायमा उजुरी

● टक नेपाल

वीरगन्ज । वीरगन्ज महानगर पालिकाका मेयर राजेशमान सिंहविरुद्ध कारबाहीको माग गर्दै सात वटा निकायमा जाहेरी तथा उजुरी परेको छ । फर्जीको विवरणको आधारमा रुविना श्रेष्ठलाई छोरी बनाएर नागरिकता दिलाएको भन्दै उनीविरुद्ध कारबाहीको माग गर्दै उजुरी दिइएको हो । मेयर सिंहविरुद्ध कारबाहीको माग गर्दै प्रधानमन्त्रीको कार्यालयदेखि लिएर गृह मन्त्रालयसम्म तथा पर्सा जिल्ला प्रशासन कार्यालय, पर्सा प्रहरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सीआइबी तथा राष्ट्रिय सतर्कता केन्द्रसम्म उजुरी परेको हो । अरुको छोरीलाई आफ्नो छोरी बनाइ नागरिकता दिलाएको भन्दै पर्साका स्थानीय तथा कांग्रेस समर्थकहरुले पहिलो पटक पुस २४ मा जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गरियो । दर्ता नम्बर-१३२५ रहेको यो उजुरी नै मेयर सिंहविरुद्धको पहिलो उजुरी हो। योसँगै मेयर सिंहविरुद्ध जिल्ला प्रशासन कार्यालयमा दर्जनभन्दा बढी उजुरी परेको जिल्ला प्रशासन कार्यालय, पर्साले जनाएको छ । त्यसपछि यही विषयमा छानबिनको माग गर्दै पर्सा प्रहरीमा अर्को जाहेरी पर्‍यो । मेयर सिंहसहित रुविना श्रेष्ठमाथि कारबाहीको माग गर्दै कांग्रेस पर्सा-२ का क्षेत्रीय सभापति महम्मद सहाबुदिनले पर्सा प्रहरी कार्यालयमा जाहेरी दिएको प्रहरीले जनाएको छ । पर्सा प्रहरी प्रमुख कोमल शाहले मेयर सिंहसहित २ जनाविरुद्ध फौजदारी अपराध अन्तर्गत जाहेरी परेको जनाउँदै त्यसमाथि छानबिन भइरहेको बताए । उनले भने, ‘नागरिकता प्रकरणमा केही विषयमा छानबिन भइरहेको छ, त्यो सकिएपछि दर्ता गरेर बाँकी प्रक्रिया अगाडि बढाइन्छ ।’ यसैगरी नागरिकता प्रकरणबारे यही साताभित्रै सत्यतथ्य छानबिनको माग गर्दै गृह मन्त्रालय तथा प्रधानमन्त्रीको कार्यालयमा समेत उजुरी दिइएको छ । गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई पर्साका नेताहरुले भेटघाट गर्दै सत्यतथ्य छानबिनको माग गर्दै उजुरी दिएको गृह मन्त्रालय स्रोतले जनाएको छ। गृहमन्त्री श्रेष्ठले उजुरी बुझ्दै मेयर सिंहले दिलाएको नागरिकताबारे छानबिन गरी अगाडि बढ्ने प्रतिबद्धता जनाएको बताइएको छ । पर्साका नेताहरुसँगको भेटमा गृहमन्त्री श्रेष्ठले दोषी देखिए कारबाही हुने प्रतिबद्धता जनाएको भेटमा सहभागी स्रोतले जनाएको छ । गृह मन्त्रालयका प्रवक्ता नारायण भट्टराईले समेत मन्त्रालयमा उजुरी परेको र त्यसमाथि सत्यतथ्य बुझ्ने काम भइरहेको जनाएका छन् । योसँगै प्रधानमन्त्रीको कार्यालयमा समेत उजुरी दिइएको कांग्रेस क्षेत्रीय सभापति महम्मद सहाबुदिनले जनाए । उनका अनुसार प्रधानमन्त्रीको कार्यालयसँगै अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सीआइबी तथा सतर्कता केन्द्रसहित थुप्रै निकायमा उजुरी

»» बाँकी पृष्ठ ३ मा

प्रो. सुरेश चौधरी मो. ९८५११०५९१९, ९८०६८००५१९
श्री गणेश ईन्जिनियरिङ्ग मर्मत केन्द्र
बर्दिवास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)
यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, व्यालडिङ्गर क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।

“समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।”
LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT
Rs. 2800/-
WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY
Rs. 6000/-
CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE
Rs. 5000/-
DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC
Rs. 4800/-
“गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता”
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

प्रो. जितनी देवी साह मो. ९८१८३९३१३१
छपरिया होटल
बर्दिबास न.पा.-१ पछिम बस काउन्टको अगाडि
शुद्ध शाकाहारी होटल

बर्दिबास मिडिया प्रा.लि. द्धारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com